कपुरकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कपुरकोट, सल्यान
कर्णाली प्रदेश, नेपाल
☏ ०८८-४१००६९

# विज्ञप्ती

कोरोना भाइरस (कोभिड-१९) ले अहिले संसार नै आक्रान्त छ । यस गाउँपालिका शुरुवात देखी नै कोरोना भाइरस विरुद्ध शशक्त भएर युद्धस्तरमा लागिरहेको छ । खास गरी छिमेकी मुलुक भारत लगाएत तेश्रो मुलुक र देशकै विभिन्न जिल्लाबाट स्वदेश भित्रिएका नागरिकहरुको पहिचान गर्ने, क्वारेन्टीनमा बसाउने कार्यसंगै संक्रमितलाई उपचार गरेर राख्नको लागि ५० शैयाको आइसोलेसन सेन्टर समेत तयार पारिएको छ ।

पछिल्लो समय कोरोना भाइरस संक्रमणको जोखिम बढ्दै गएकाले जोखिमयुक्त देखिएका क्रियाकलाप पूर्ण रुपमा निषेध गर्ने निर्णय गाउँपालिका अध्यक्ष श्री भिम बहादुर सेनज्यूको अध्यक्षतामा मिति २०७७ भदौ १ गते बसेको जनप्रतिनिधी, राजनीतिक दल, उद्योग वाणिज्य संघ, बजार ब्यवस्थापन समिति, कृषि उपज बजार केन्द्र, कृषक मुल समिति, सुरक्षाकर्मी सम्मीलित गाउँपालिका स्तरीय विपद् ब्यवस्थापन समितिको बैठकबाट भएको छ । यसर्थ धार्मिक तथा सांस्कृतिक कार्यक्रम चाडवाड आदिमा पनि भेला हुन नपाइने भएको हुँदा यस वर्षको हरितालिका तिज पर्वमा पनि रमझम नगर्नहुन अनुरोध छ । तिजका अवसरमा आयोजना गरिने दर कार्यक्रम, मन्दिरमा गएर पुजाआजा गर्ने, जमघट भएर नाचगान गर्ने जस्ता सबै गतिविधि नगर्नहुन सम्पूर्ण कपुरकोट गाउँपालिकावासीमा अनुरोध गर्दछौं ।

मानव जातीलाई नै चुनौती दिने रोग भएका कारण हामी सम्पूर्ण चेतनशिल मानवहरुको संयुक्त प्रयासबाट नै कोरोनालाई नियन्त्रण गर्न सकिन्छ । सभ्य र सुरक्षित ब्यवहार देखाउन सकिएन भने जुनसुकै बेला पनि तपाई हामी लगाएत हाम्रो परिवारको सदस्यलाई कोभिड-१९ ले आक्रमण गर्न सक्ने सम्भावना प्रवल छ । यस्तो संवेदनशिल स्थितिमा हामी सबै सजग बनौं, सचेत रहौं, सामाजिक दुरी कायम गरौं, भिडभाड नगरौं, सरसफाईमा ध्यान दिउँ, आत्मवल दह्रो बनाऔं, सकारात्मक सोँचको विकास गरौं, सन्तुलीत भोजन गरौं । नियमित ब्यायाम संगै स्वस्थकर आहार र ब्यवहारमा सतर्कता अपनाऔं ।

यदि रोग लागिहालेमा पनि आत्मबल दह्रो बनाई स्वास्थ्यकर्मीको निगरानीमा उपचारमा लागौं, अवश्य पनि निको हुने छ । समाज, साथिभाई, छरछिमेकी, परिवारलाई माया गरौं, आपसी सद्भाव कायम गरौं । संकटको यस घडीमा सबै हामी एकमतका साथ कोभिड-१९ को न्यूनीकरण गर्नतिर लागौं ।

धन्यवाद ।

**मिति:** २०७७।०५।०२

.................................
यम कुमार वस्नेत
प्रवक्ता